नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३४२

मिति:- २०८०/११/०६

श्री स्थानीय तहहरु (सबै),

विषय :- निर्णय कार्यान्वयन सम्वन्धमा

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग को च.नं. ४२२७६ मिति २०८०/१०/२९ को पत्रको सन्दर्भमा स्थानीय तहहरुले सडक निर्माण तथा मर्मत लगायत कार्यगर्दा, खण्डिकरण गरी एउटै आ.व. मा पटक/पटक एउटै व्यक्ति / फर्म / कम्पनी लाई बिना प्रतिष्पर्धा निर्माणकार्य गर्ने जिम्मेवारी / भुक्तानी दिंदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायत प्रचलित कानूनको प्रतिकूल रही बदनियतपुर्ण कार्य समेत हुन सक्ने भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ समेतका प्रचलित कानूनको परिपालना गर्ने गराउने गरी आवश्यक कदम उठाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०६३ को दफा २८ को उपदफा १ को देहाय (ख) वमोजिम निर्णय कार्यान्वयन सम्वन्धमा लेखिआएको हँदा आवश्क कार्यार्थ उक्त पत्रको छायाँकपि १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

११/०६

(आयुषी भट्टराई)
शाखा अधिकृत

वोधार्थ :
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाडौ ।
श्री सुचना प्रबिधि शाखा, wedsite मा सूचना Upload गरिदिनु हुन ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

महाशाखा नं.१२


पत्र संख्या :- सन्तोष/०८०/०८१

चलानी नं. :- ४२२६६

मितिः-२०८०/१०/२९ गते।

अत्यन्त जरुरी/गोप्य

विषयः निर्णय कार्यन्वयन सम्बन्धमा।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

प्रस्तुत विषयमा "*स्थानीय तहहरुले सडक निर्माण तथा मर्मत लगायतका कार्य गर्दा, खण्डीकरण गरी एउटै आ.व.मा पटक पटक एउटै व्यक्ति/फर्म/कम्पनीलाई बिना प्रतिष्पर्धा निर्माण कार्य गर्ने जिम्मेवारी /भुक्तानी दिँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायत प्रचलित कानुनको प्रतिकुल रही बदनियत पूर्ण कार्य समेत हुन सक्ने भएको हुँदा सो सन्दर्भमा सडक निर्माण तथा मर्मत कार्यहरु गर्दा, खण्डीकरण गरी एउटै आ.व.मा कानुन विपरित पटक पटक एउटै व्यक्ति/फर्म/कम्पनीलाई निर्माण कार्यको जिम्मेवारी/भुक्तानी दिने/गर्ने लगायतका परिपाटीको अन्त्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ समेतका प्रचलित कानुनको परिपालना गर्ने गराउने गरी आवश्यक कदम उठाउन*" अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाण्डौं मार्फत सम्पुर्ण स्थानीय तहहरुलाई लेखि पठाउने भनी आयोगको मिति २०८०।१०।२२ गते निर्णय भएको हुँदा, उक्त निर्णय कार्यन्वयन गराउनु हुन अनुरोध छ ।

(सन्तोष पौडेल)
अनुसन्धान अधिकृत

बोधार्थः-
श्री रतुवामाई नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,मोरङ्ग।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ८४२
मितिः २०८०/११/०६

स्थानीय तह समन्वय शाखा

पत्राचार गर्दा अनुसन्धान अधिकृतलाई सम्बोधन गरी पत्राचार गर्न हुन अनुरोध गरिन्छ।


फोनः ४२६२१८०, ४२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ४२६२१२८, ४२६२१०४, E-mail : akhtiyar@ntc.net.np